# कृषि तथा वन सम्बन्धी

| हाल विद्यमान रहेको व्यवस्था | प्रस्तावित व्यवस्था | संसोधन गर्नु पर्नाको कारण |
|---|---|---|
| काठको निर्यात भन्सार दर | काठको निर्यातमा भन्सार दर शुन्य लागु गरिनेछ। हाल काठको निर्यात दर २००% रहेको लाई शुन्य गर्नुपर्ने । | नेपालले काठबाट मात्र वार्षिक ७ खर्ब को व्यापार गर्न सक्ने सम्भावाना बोकेको छ। सो अवसरलाई सदुपयोग गर्नको लागि शुन्य भन्सार दर राख्न आवश्यक भएकोले। |
| खाद्य ऐन | | |
| ४ख. अनुज्ञापत्र लिनुपर्ने: तोकिएको खाद्य पदार्थको उत्पादन, बिक्रि वितरण, संचय वा प्रशोधन गर्न चाहने व्यक्तिले तोकिए बमोजिम अनुज्ञापत्र लिनुपर्नेछ। | ४ख. अनुज्ञापत्र लिनुपर्ने: तोकिएको खाद्य पदार्थको उत्पादन, विक्री वितरण, संचय वा प्रसोधन गर्न चाहने व्यक्तिले तोकिए बमोजिम अनुज्ञापत्र लिनुपर्नेछ। यसरी अनुज्ञापत्र प्राप्त गर्न निवेदन पेश गर्दा, कुनै खाद्य पदार्थको लागि प्रथम पटक अनुज्ञापत्र माग भएको खण्डमा, विभागले सो निवेदन प्राप्त गरेको सात (७) दिन भित्र, आवश्यक मापदण्डको निर्माण गरि, अनुज्ञापत्र प्रदान गर्नु पर्नेछ। | पहिला नै अन्य खाद्य वस्तुको हकमा अनुज्ञापत्र प्राप्त गरिसकेको व्यक्तिले नयाँ किसिमको उत्पादन जसको लागि खाद्य अनुज्ञापत्र विभागबाट पहिले जारी नभएको अवस्थामा, आवश्यक मापदण्ड निर्धारण भई अनुज्ञापत्र जारी हुन समय लाग्ने भएकोले, नेपाली उत्पादनलाई बजारमा आउन समय लाग्ने, यद्यपी सोहि उत्पादन विदेशबाट आयात भई नेपाली बजारमा उपलब्ध भई रहेको अवस्था छ। |
| हाल व्यवस्था नभएको | ४.ग. अन्तरिम अनुज्ञापत्र: कुनै खाद्य वस्तुको लागि अनुज्ञापत्र प्राप्त गरिसकेको व्यक्तिको हकमा, नयाँ खाद्य वस्तुको अनुज्ञापत्रको लागि निवेदन प्राप्त भएको खण्डमा, सो प्राप्त भएको सात (७) दिन भित्र ६ महिनाको म्याद कायम हुने गरि अन्तरिम अनुज्ञापत्र दिनेछ । सो ६ महिनाको म्याद भित्र यस ऐन तथा यस अन्तर्गतका नियम, निर्देशिका मार्फत तोकिएको मापदण्ड पूर्ण भएको खण्डमा अनुज्ञापत्र प्रदान गरिनेछ। | यस सम्बन्धमा खण्ड ५०, संख्या ४२, मिति २०५७/१०/२३, खण्ड ६०, संख्या २६ को नेपाल राजपत्रद्वारा खाद्य पदार्थको गुणस्तर निर्धारण गरी सुचना प्रकाशित गरिएको थियो । सो मा नेपालमा सम्भावना भएका विभिन्न उत्पादनको गुणस्तर निर्धारण नभएकाले, सो उत्पादनका लागि अनुज्ञापत्र लिन कठिन भएको अवस्था छ । जस्तै, कमेलिया (*Camellia genus*), रोसेल (*Hibiscus sabdariffa), लेमन ग्रास (*Cymbopogon citratus*), अदुवा (Zingiber officinale Roscoe, Zingiberaceae) लगायत को विरुवाबाट बन्ने चियाको लागि अनुज्ञापत्र लिन विद्यमान स्थितिमा कठिन हुने गरेको छ। तसर्थ नयाँ खाद्य पदार्थका लागि उचित व्यवस्था गरि निवेदन दर्ता भएको ७ दिन भित्र अनुज्ञापत्र जारि गरी छिटो छरितो बनाउन आवश्यक भएकोले। |
| औद्योगिक व्यवसाय प्रवर्द्धन ऐन २०७६ | | |

| | | |
|---|---|---|
| दफा २०. बोर्डको गठन: (१) देहाय बमोजिमको एक औद्योगिक तथा लगानी प्रवर्द्धन बोर्ड गठन गरिएको छ:-<br>क. उद्योग, वाणिज्य, तथा आपूर्ति मन्त्रि वा राज्यमन्त्रि – अध्यक्ष<br>ख. सदस्य, राष्ट्रिय योजना आयोग (उद्योग क्षेत्र हेर्ने) – सदस्य<br>ग. गभर्नर, नेपाल राष्ट्र बैंक – सदस्य<br>घ. सचिव, मन्त्रालय (उद्योग सम्बन्धी विषय हेर्ने) – सदस्य<br>ङ. सचिव, अर्थ मन्त्रालय – सदस्य<br>च. सचिव, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय – सदस्य<br>छ. सचिव, भूमी व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय – सदस्य<br>ज. सचिव, वन तथा वातावारण मन्त्रालय – सदस्य<br>झ. प्रमुख कार्यकारी अधिकृत, लगानी बोर्ड नेपाल – सदस्य<br>ञ. सहसचिव, आद्योगिक तथा लगानी प्रवर्द्धन महाशाखा, मन्त्रालय – सदस्य<br>ट. अध्यक्षम नेपाल उद्योग वाणिज्य महासंघ – सदस्य<br>ठ. अध्यक्ष, नेपाल उद्योग परिसंघ<br>ड. अध्यक्ष, नेपाल घरेलु तथा साना उद्योग महासंघ – सदस्य | दफा २०. बोर्डको गठन: (१) देहाय बमोजिमको एक औद्योगिक तथा लगानी प्रवर्द्धन बोर्ड गठन गरिएको छ:-<br>क. उद्योग, वाणिज्य, तथा आपूर्ति मन्त्रि वा राज्यमन्त्रि – अध्यक्ष<br>ख. सदस्य, राष्ट्रिय योजना आयोग (उद्योग क्षेत्र हेर्ने) – सदस्य<br>ग. गभर्नर, नेपाल राष्ट्र बैंक – सदस्य<br>घ. सचिव, मन्त्रालय (उद्योग सम्बन्धी विषय हेर्ने) – सदस्य<br>ङ. सचिव, अर्थ मन्त्रालय – सदस्य<br>च. सचिव,  कृषि तथा पशुपन्छी विकास मन्त्रालय – सदस्य<br>छ. सचिव, वन तथा वातावरण मन्त्रालय, सदस्य<br>ज. सचिव, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय – सदस्य<br>झ. सचिव, भूमी व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय – सदस्य<br>ञ. सचिव, वन तथा वातावारण मन्त्रालय – सदस्य<br>ट. प्रमुख कार्यकारी अधिकृत, लगानी बोर्ड नेपाल – सदस्य<br>ठ. सहसचिव, आद्योगिक तथा लगानी प्रवर्द्धन महाशाखा, मन्त्रालय – सदस्य<br>ड. अध्यक्ष नेपाल उद्योग वाणिज्य महासंघ – सदस्य<br>ढ. अध्यक्ष, नेपाल उद्योग परिसंघ<br>ण. अध्यक्ष, नेपाल घरेलु तथा साना उद्योग महासंघ – सदस्य<br>त. अध्यक्ष, महिला उद्यमी महासंघ – सदस्य<br>थ. उद्योग क्षेत्रका विज्ञहरुमध्ये कम्तीमा एक जना महिला उद्यमी सहित मन्त्रालयबाट मनोनित दुई जना – सदस्य | नेपालको कृषी क्षेत्रमा उल्लेख्य सम्भावना भएकोले यसलाई औद्योगीकरण गरी नेपाली कृषकहरुलाई परम्परागत कृषिबाट व्यावसायिक कृषी तथा कृषि प्रशोधन तर्फ लैजान तथा कृषी क्षेत्रमा लगानी भित्राउनका लागि कृषी तथा पशुपन्छी विकास मन्त्रालय उल्लेख्य भूमिका रहने हुनाले, यस बोर्डमा समाहित हुँन आवश्यक भएकोले।<br><br>नेपालले जडिबुटी तथा वन पैदावारको उचित सदुपयोग गरेको खण्डमा, उल्लेख्य राजश्व संकलन गर्न सक्ने सम्भावना रहेको छ। जडिबुटी तथा काठ लगायतका अन्य वन पैदावारको बिभिन्न व्यापारिक प्रयोजनको लागि यस क्षेत्रलाई उद्योगसंग जोड्न आवश्यक भएको छ। तसर्थ, यस बोर्डमा वन तथा वातावरण मन्त्रालयको उल्लेख्य भूमिका हुने हुन्छ। |

| | | |
|---|---|---|
| ढ. अध्यक्ष, महिला उद्यमी महासंघ – सदस्य<br>ण. उद्योग क्षेत्रका विज्ञहरुमध्ये कम्तीमा एक जना महिला उद्यमी सहित मन्त्रालयबाट मनोनित दुई जना – सदस्य<br>त. महानिर्देशक, उद्योग विभाग – सदस्य – सचिव | द. महानिर्देशक, उद्योग विभाग – सदस्य – सचिव | |
| मूल्य अभिवृद्धि कर ऐन, २०५२ | | |
| हाल नभएको | कृषिजन्य वस्तुको हकमा विदेशबाट आयात हुने सबै कृषि सामाग्रीमा मूल्य अभिवृद्धि कर लगाउने तथा नेपाल भित्र बेचविखन हुँदा मुल्य अभिवृद्धि कर नलाग्ने व्यवस्था गर्ने । आयातित तयारी वस्तु जस्तै, तरकारी, फलफुल, खाद्यान्न र सबै किसिमका तयारी कृषि सामाग्री जस्ता तयारी वस्तुमा अनिवार्य रूपमा मूल्य अभिवृद्धि कर लगाउने । | नेपालभित्र बेचबिखन गरिने कृषिजन्य वस्तुमा समेत मूल्य अभिवृद्धि कर लगाउँदा स्थानीय कृषक मारमा परेको हुनाले, सो व्यवस्था गर्नु पर्ने । जस्तै आयातित चामल, हर्बल चिया, कफी, जस्ता तयारी वस्तुमा अनिवार्य रूपमा मूल्य अभिवृद्धि कर लगाउनु पर्ने हुन्छ । |
| **वस्तुको प्रत्यक्ष विक्री (व्यवस्थापन तथा नियमन गर्ने) ऐन, २०७४** | | |
| १६. स्वदेशी वस्तु विक्री वा वितरण गर्नु पर्ने: (१) इजाजतपत्रवालाले वस्तुको प्रत्यक्ष बिक्रि वा वितरण गर्दा कम्तिमा पचास प्रतिशत स्वदेशी वस्तुको बिक्रि वा वितरण गर्नु पर्नेछ । तर नेपालमा उत्पादन नहुने वस्तुको हकमा यो व्यवस्था लागु हुने छैन । | १६. स्वदेशी वस्तु विक्री वा वितरण गर्नु पर्ने: (१) इजाजतपत्रवालाले वस्तुको प्रत्यक्ष बिक्रि वा वितरण गर्दा कम्तिमा विस (२०) प्रतिशत स्वदेशी वस्तुको बिक्रि वा वितरण गर्नु पर्नेछ र क्रमश दुई वर्षको समय भित्र क्रमश कम्तिमा ५० % स्वदेशी वस्तुको विक्री वा वितरण गर्नु पर्नेछ । | विद्यमान कानुन अन्तर्गत कम्तिमा ५०% स्वदेशी वस्तुको बिक्रि वा वितरण गर्नु पर्ने प्रावधान भए तापनि सो को शशक्त कार्यान्वयन नभएको अवस्था छ । तसर्थ हाललाई २०% स्वदेशी वस्तुको विक्री वा वितरण गर्नु पर्ने प्रावधान राखी, सो को कार्यन्वयन सुनिश्चित गर्दै, क्रमश ५०% मा पुर्याउनु पर्ने उचित भएकोले । |
| **कृषि तथा सिचाई मन्त्रालय संग सम्बन्धित** | | |
| - | कृषि तथा सिंचाई मन्त्रालयलाई जोडिनु पर्ने । | सिंचाई कृषिको अभिन्न अंग भएकोले, कृषि क्षेत्रको उचित उत्थानको लागी सिंचाई संग बलियो सहकार्य हुन आवश्यक भएकोले । |
| **औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड (Industrial District Management Limited) औद्योगिक क्षेत्र संचालन तथा व्यवस्थापन नियमावली, २०७१** | | |

| | | |
|---|---|---|
| ४(४) भाडामा लिएको जग्गा पूर्ण रूपमा प्रयोगमा आएको नदेखिएमा क्षेत्र व्यावास्थापकको संयोजकत्वमा क्षेत्रस्थित उद्योग संघको प्रतिनिधि सहितको कार्यदल गठन गरि सो कार्यदल गठन गरि सो कार्यदलले दिएको अध्ययन प्रतिवेदनका आधारमा कार्यालयले जग्गा आफ्नो नियन्त्रणमा लिई अन्य उद्योगलाई भाडामा दिन सक्नेछ | ४(४) यस कम्पनीबाट कुनै खास प्रयोजन तोकी उद्योग संचालनको लागि भाडामा दिएको जग्गा तथा/वा भवन, सो तोकिएको प्रयोजन भन्दा बाहेकको कार्यको लागि प्रयोग गरेको पाइएमा वा यस नियमावली विपरितको प्रयोजनमा प्रयोग भएको पाईएमा वा भाडामा लिएको पांच वर्षसम्म उद्योग संचालन नभएको स्थितिमा यस कम्पनीको संचालक समितिको निर्णय बमोजिम सो उद्योगलाई ७ दिन भित्र सो जग्गा कम्पनीले आफ्नो नियन्त्रणमा लिई अन्य उद्योगलाई किन नदिनु पर्ने हो कारण खुलाउनको लागि समय दीनेछ । उद्योगले दिएको स्पष्टिकरण चित्त नबुझेमा वा ७ दिनको म्याद भित्र स्पष्टिकरण कम्पनीले प्राप्त नगरेको खण्डमा कम्पनीको संचालक समितिको निर्णय अनुसार कार्यालयले जग्गा आफ्नो नियन्त्रणमा लिई महिला उद्यमीले चलाएको उद्योगलाई प्राथमिकतामा राखी कार्यालयले जग्गा आफ्नो नियन्त्रणमा लिई अन्य उद्योगलाई भाडामा दिन सक्नेछ । | पाटन तथा बालाजु औद्योगिक क्षेत्रमा औद्योगिक कार्यको लागि नभई अन्य कार्यको लागी प्रयोगमा आएको तथा हाल संचालनमा नआएको उद्योगको स्थानमा अल्लो, हाते कागज जस्तो उत्पादनमा संलग्न महिलाहरुले चलाएको उद्योगलाई स्थान दिई, महिला तथा नेपाल भित्रकै कच्चा पदार्थ प्रयोगबाट उत्पादन गर्न सक्ने उद्योगलाई अवसर प्रदान गर्न आवश्यक भएकोले । |
| हाल नभएको | ४(५) यस कम्पनीबाट जग्गा/भवन भाडामा लिएको उद्योगले भाडामा लिएको मितिबाट पांच वर्ष सम्म संचालनमा नआएको खण्डमा, सो बहाल सम्झौता स्वतः खारेज भएको मानि, नियम ४(४) बमोजिम कम्पनीले अन्य उद्योगलाई भाडामा दिन सक्नेछ | |
| ५(१)(ख) कृषि तथा वन पैदावरमा आधारित खाद्य तथा प्रशोधन केन्द्र, डेरी उद्योग, रेशम तथा मह प्रशोधन उद्योग, चिया तथा कफी प्रसोधन उद्योग, जडिबुटी प्रशोधन उद्योग, काठ तथा वेतबाँसजन्य फर्निचर उद्योग | ५(१)(ख) कृषि तथा वन पैदावरमा आधारित खाद्य तथा प्रशोधन केन्द्र, खाद्य प्याकेजिंग केन्द्र, डेरी उद्योग, रेशम तथा मह प्रशोधन उद्योग, चिया तथा कफी प्रसोधन उद्योग, जडिबुटी प्रशोधन उद्योग, काठ तथा वेतबाँसजन्य फर्निचर उद्योग | खाद्य प्याकेजिंगलाई समेत समाहित गर्नको लागि आवश्यक भएकोले |

२०८१/८२ को बजेट तथा आर्थिक ऐन २०८१ बाट समाहित गर्न सकिने व्यवस्था तथा सोका औचित्यहरु :

| शिर्षक | व्यवस्था | औचित्य |
|---|---|---|
| करार खेती | करार खेतीमा वैदेशिक लगानी खुल्ला गर्न आवश्यक कानुन संशोधन गरिनेछ । करार खेती गर्ने संस्थाले स्थानीय सरकार (गाउँ पालिका/नगरपालिका) संग करार गरि उत्पादन गर्न लगाएको उपज वापत कृषकले करार खेती गर्ने संस्था वा कम्पनीबाट प्राप्त गर्नु पर्ने रकम कृषकलाई दिने कुराको सुनिश्चितता स्थानीय सरकार (सम्बन्धित नगरपालिका, गाउँपालिका) ले गर्नेछ । | नेपालमा कृषिको प्रचुर सम्भावना रहेको छ। करार खेतीमा विदेशी लगानी भित्राउदा, स्थानीय कृषकहरुको उत्पादनले बजार पाउने सम्भावना बढेर जान्छ। करार खेतीमा, किसानलाई कम्पनी/संस्थाले चाहिने शिप तथा प्रविधि समेत दिने भएकोले, यसले किसानलाई दक्ष बनाउन समेत सहयोग पुराउंछ । करार खेतीमा बाली पात्रो "crop calendar" को योजना समाहित गर्नाले, कृषकका लागी अत्यन्तै फलदायी हुने हुन्छ । |
| | स्थानीय किसानले उत्पादन गरेको कृषि उपज बजार सम्म नपुग्ने र भने जस्तो आम्दानी नहुने हुनाले, सो समस्यालाई हल गर्नको लागी स्थानीय सरकारको पहलमा किसानसंग निम्न उल्लेखित भूगोलमा निम्न बमोजिमको कृषि उत्पादन प्रोत्साहन गर्नको लागी त्रिपक्षीय (स्थानीय सरकार, किसान तथा प्रब्लिक लिमिटेड कम्पनी विच) सम्झौता गरि करार खेती (contract farming) गर्ने र किसानले उत्पादन गरेको कृषि उपज वापत कृषकले करार खेती गर्ने कम्पनीबाट प्राप्त गर्नु पर्ने रकम कृषकलाई दिने कुराको सुनिश्चितता स्थानीय सरकार (नगरपालिका, गाउँपालिका) ले गर्नेछ : | हालको स्थितिमा उल्लेख्य उत्पादन हुने भए तापनी कृषि उपज भण्डारण तथा प्रशोधन गर्ने प्रचुर व्यवस्था नभएकोले, उल्लेख्य कृषि उपज खेर जाने गरेकाले गर्दा, किसानलाई आवश्यक शिप तथा प्रविधि भएको करार खेती/कृषी उत्पादन गर्ने कम्पनी संग जोड्न अतिआवश्यक भएको छ । यसमा किसान र करार खेती/स्थानीय सरकार करार खेतिमा जोंडिदा स्थानीय कृषकको हकहितको सुरक्षा हुनुको साथसाथै करार खेती |

| | | |
|---|---|---|
| | क. तराई: सिमल तरुल, रुखे कटर, केरा, बेसार, अदुवा, जेठी मधु, अस्वगंधा, फर्सी, chia seeds, हर्बल प्रोडक्ट, धनिया, पचौली, essential oils, Roselle, सिमल तरुल (Cassava)।<br>जिल्ला: झापा, मोरङ, सुनसरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), रुपन्देही, कपिलवस्तु, बाँके, बर्दिया, कैलाली, कन्चनपुर।<br>ख. मध्य पहाडी: Passion Fruit, अन्जीर/निमारो (Fig), खुर्पानी/खुबानी (Apricot), आरू बखडा (Plums), जामुन (berries), कफी, किवी, black cardamom; गोर्खा, गुल्मी, पाल्पा, स्याङ्गजा, डाडेबदाम (Macadamia Nuts), अदुवा ( Ginger), चन्दन (Sandalwood), Essential Oils।<br>जिल्ला: पाँचथर, इलाम, तेह्रथुम, धनकुटा, भोजपुर, खोटाङ, ओखलढुंगा, काभ्रेपलाञ्चोक, नुवाकोट, चितवन, लमजुङ, तनहु, कास्की, स्यांग्जा , पर्वत, म्याग्दी, बाग्लुङ, पाल्पा, अर्घाखाँची, गुल्मी, रुकुम (पश्चिम), रोल्पा, प्युठान, सल्यान, जाजरकोट, दैलेख, डोटी।<br>ग. उच्च पहाडी: ओखर (walnuts), कटुस (Chestnut), Black Cardamom, हाते कागज, अल्लो आदि।<br>जिल्ला: ताप्लेजुङ, संखुवासभा, सोलुखुम्बु, दोलखा, सिन्धुपाल्चोक, रसुवा, मनाङ, मुस्ताङ, डोल्पा, जुम्ला, मुगु, हुम्ला, कालिकोट, बाजुरा, बझाङ, दार्चुला, धादिङ, रामेछाप, गोरखा, रूकुम (पूर्व)।<br><br>यसरी त्रिपक्षीय सम्झौता गरी करार खेतीमा जोडिने किसानलाई नेपाल सरकारले निम्न बमोजिमको सुविधा प्रदान गरिनेछ:<br>क. स्थानीय सरकार (गाउँ पालिका/ नगरपालिका) ले माथि उल्लेखित कृषि उपजमा संलग्न गर्नको किसानलाई विउ तथा वेर्ना उपलब्ध गराउने<br>ख. नेपाल सरकारले स्थानीय सरकार मार्फत कृषकले सो त्रिपक्षीय करार अन्तर्गत करार खेती/प्रशोधन गर्ने कम्पनीलाई उत्पादन बेचेको | गर्ने कम्पनी/संस्थालाई समेत स्थानीय सरकारसंग समन्यव गर्न सहज वातावरण सृजना हुने ।<br><br>साथै, नेपाली किसानहरुले छोटो समय अवधीमा फल्ने र तत्काल आम्दानी हुने किसिमको बाली तर्फ आकर्षित भएको पाईन्छ। यद्यपी, नेपालको भौगोलिक विविधताले गर्दा, हाल विश्वभर माग बढिरहेको विभिन्न फल उत्पादन गर्न सक्ने अवस्था रहेको छ। तर, यस्ता फलहरु व्यवसायिक रूपमा फलदायी (commercially viable) हुनको लागी ३-६ वर्षको समय लाग्ने हुन सक्छ। तसर्थ, किसानहरुलाई यस्ता कृषि तर्फ आकर्षित गर्नको लागी करार खेती गर्ने संस्था/कम्पनीलाई सहुलियतपूर्ण कर्जा सफल हुन सक्ने भएकोले। |

| | | |
|---|---|---|
| | तथ्यांखमा आधारित भई अनुदान सिधै कृषकको बैंक खातामा जम्मा हुने व्यवस्था गर्ने<br>ग. सिचाईको व्यवस्था गर्ने।<br>घ. जैबिक मल अनुदानमा दिने।<br><br>माथि उल्लेख भएबमोजिमको त्रिपक्षीय सम्झौता गर्नको लागि अनिवार्य पब्लिक लिमिटेड कम्पनी हुनुको साथै सो कम्पनी तथा सो अन्तर्गतको कम्पनीको करार खेती गरिने क्षेत्रको कम्तिमा १०० कि.मि. को रेडियस भित्र कृषि प्रशोधन इकाई हुनु पर्नेछ। यस्तो प्रशोधन इकाईसंग बाटोको सहज पहुँच हुनु पर्नेछ ।<br>क. यसरी करार खेती/प्रशोधन गर्ने पब्लिक लिमिटेड कम्पनीलाई प्रशोधन, भण्डारण, कच्चा माल (working capital) का लागि कम्तिमा ७ वर्षको अवधिको लागि २% ब्याज दरमा सहुलियतपूर्ण कर्जा प्रदान गरिनेछ ।<br>ख. सरकारको स्वामित्वमा भएको सरकारी वनको जग्गाहरु प्रशोधन इकाई र अनुसन्धान विकास को लागी सरकारले भाडामा उपलब्ध गराउनु पर्ने। | |
| एक द्वार प्रणाली | माथि उल्लेखित करार खेती संग सम्बन्धित सम्पूर्ण कार्यहरु (सामुदायिक वन, निजि वन संग सम्बन्धित कारार खेतीका कार्यहरु समेत) को लागि आवश्यक निर्णय लिने अधिकार औद्योगिक तथा लगानी प्रवर्द्धन बोर्डको हुनेछ। | छिटो छरितो रूपमा एकै निकायबाट सम्पूर्ण निर्णय हुन आवश्यक भएकोले। |
| भुमी बैंक | नेपाल सरकार तथा स्थानीय तहको लगानीमा प्रत्येक प्रदेशमा भूमि बैंक स्थापना गरि संचालनमा ल्याइनेछ । उपयोगमा नरहेका व्यक्तिगत, सरकारी, सार्वजनिक तथा नदि उकास्का जग्गामा व्यावसायिक खेति र कृषि उपज प्रशोधन गर्न कम्पनी, व्यक्ति, समुह वा संस्थालाई भूमि बैंक मार्फत लिजमा उपलब्ध गराउने व्यवस्था मिलाइनेछ । | नेपालमा उपयोगमा नआएका बाझो यद्यपी कृषियोग्य जग्गा धैरै छन। यस्तो जग्गा स्थानीय तहले मनासिब रकममा भाडामा प्राप्त गरि, सो रकम पून किसान तथा कृषिमूलक उद्योग संग करार गरी कृषि प्रयोजनको लागी भाडामा दिने प्रणाली निर्माण गरेमा, उपलब्ध भूमीको उचित सदुपयोग हुने परिस्थिति सृजना गर्न सकिनेछ। |

| | | |
|---|---|---|
| नेपाली उत्पादनलाई प्रोत्साहन | • स्वदेशी उत्पादनलाई प्रवर्द्धन र विस्तार गर्नका लागि निजामती कर्मचारी संचय कोष, नेपाली सेना, सशस्त्र प्रहरी बल लगायतका सरकारी निकायहरुले नेपाली उत्पादन विदेशी उत्पादनको तुलनामा २० % सम्म बढी भएको खण्डमा नेपाली उत्पादन खारिद गर्ने व्यवस्था गरिने ।<br>• सरकारबाट हुने खरिदमा अनिवार्य रूपमा नेपाली उत्पादन उपलब्ध भएसम्म खरिदको ५०% सम्म स्वदेशी नै खरिद गर्नु पर्ने। | नेपालमा विभिन्न कारणले गर्दा स्वदेशी उत्पादनको लागत खर्चको तुलनामा विदेशी उत्पादनको लागत खर्च कम हुने भएकाले, नेपाली उत्पादन भन्दा विदेशी उत्पादन कम मूल्यमा बजारमा उपलब्ध हुने अवस्था विद्यमान रही आएको छ। तसर्थ, सरकारी निकायहरुबाट त्यस्तो कृषी उत्पादनको हुने खरिदमा, नेपाली उत्पादनको मूल्य केहि बढी भएको खण्डमा समेत सो खरिद गर्ने प्रावधान भएको खण्डमा नेपाली उद्योगहरुलाई प्रोत्साहन मिल्ने परिस्थिति सृजना गर्न सकिनेछ। |
| रासायनिक मल | कृषि उत्पादन बढाउनको लागी रासायनिक मल आवश्यक भएकोले, सो को सहज आपूर्तिका लागी, निजि क्षेत्रलाई रासायनिक मल पैठारी गर्न समान अवसर दिईनेछ। मलको वितरण कृषिका लागि प्रयोग गर्ने जग्गाको आवश्यकता अनुसार स्थानीय सरकाबाट वितरण गर्ने व्यवस्था मिलाउने।<br>सरकारको अभिलेख अनुसार सरकारले किसानलाई दिने अनुदानको हकमा किसानले खपत गरेको रकम बैंकको खातामा भुक्तानी गराउने। | हालको स्थितिमा किसानको माग बमोजिमको मल प्राप्त हुन सकेको छैन । निजि क्षेत्रलाई पैठारीको लागि बाटो खुलेको अवस्थामा प्रतिस्पर्धा बढी स्वतः मल हाल प्राप्त हुने मूल्य भन्दा कम मूल्यमा प्राप्त हुनुको साथै, बजारमा मलको सहज उपलब्धता समेत हुनेछ। साथै हाल मल वापतको अनुदानको लागि सरकारको खर्च समेत उल्लेख्य रूपमा घट्न जानेछ। |
| प्रांगारिक मल (organic/bio-fertilizer) | रासायनिक मललाई विस्थापन गर्नका लागी, प्रांगारिक मलमा अनुदान बढाउने तथा रासायनिक मलमा अनुदान घटाउने | विभिन्न रिपोर्ट अनुसार रासायनिक मलको प्रयोगबाट माटोको उत्पादन शक्ति घट्ने तथा सो बाट भएको उत्पादन समेत स्वाथ्यको लागि हानिकारक हुने भएकोले, रासायनिक मलको सट्टामा bio-fertilizers को प्रयोगलाई प्रोत्साहन गर्न नीति-नियम ल्याउन आवश्यक भएको छ। |

| | | |
|---|---|---|
| बौद्धिक सम्पति | रैथाने खाद्यान्न बालीको बौद्धिक सम्पति अधिकार Geographical Indication), ट्रेडमार्क नेपाल सरकारको स्वामित्व हुने गरी दर्ता गरिनेछ । | रैथाने बाली भन्नाले कोदो, अल्लो, हाते कागज जुम्लाको मार्सी धान, पाल्पा र सल्यानको अदुवा, गुल्मीको कफी, अल्लो, मुस्ताङको आलु, इलामको अलैची, इत्यादी पर्दछन् । हाल भारत लगायतका देशहरुले विभिन्न खाद्य पदार्थ जस्तै बासमती चामल, कोदो को बौद्धिक सम्पती सम्बन्धि अधिकारमा एकाधिकार सुनिश्चित गर्न कदम चालेको छ । यसले गर्दा नेपालको मौलिक रैथाने बाली संग सम्बन्धित बौद्धिक सम्पती अधिकारमा नेपालले एकाधिकार हासिल गर्नको लागि आवश्यक निकायमा दर्ता गर्न अन्यन्तै आवश्यक भएको छ। |
| रैथाने बाली, नगदे बाली | open pollinated seeds, नगदे बालीको प्रवर्द्धन गर्नु पर्ने तथा genetically modified organism (GMO) को प्रयोग विस्थापित गर्नुपर्ने। | रैथाने बालीलाई तथा नगदे बाली प्रवर्द्धन गर्न आवश्यक भएकोले । |
| Herbal standard/Organic Certification/Certificate of Origin Cost | कृषि उत्पादनको प्रमाणीकरण जस्तै herbal standard, organic certification, certificate of origin प्राप्त गर्नका लागी स्थानीय कृषक माथी भार पर्ने भएकाले, नेपाल सरकारले कृषि उत्पादनको आवश्यकता अनुसार प्रमाणीकरण शुल्क व्यहोर्ने व्यवस्था मिलाइनेछ। | कुनै पनि कृषि उत्पादन निकासी गर्दा सामान्यतया, सो को कुनै न कुनै किसिमको प्रमाणीकरण खोजिने गर्दछ । त्यस्तो प्रमाणीकरण शुल्क अत्यधिक महङ्गो हुने भएकोले स्थानीय कृषकहरुलाई वित्तीय भार पर्ने गरेको छ । सरकारले सो शुल्क व्यहोरेको अवस्थामा, किसानलाई आफ्नो उत्पादन निकासी गर्नको लागी साहायता मिल्ने अवस्था हुनेछ। |
| Food Lab/ Lab certification/testing Lab | नेपाल सरकारको हाल स्वामित्वमा रहेको खाद्य प्रयोगशाला/Food Lab मा PPP/ PPCP मोडलमा अगाडी बढाइने छ ।<br><br>- | खाद्य प्रयोगशाला कृषि क्षेत्रको लागी अपरिहार्य छ । हाल नेपालमा अन्तर्राष्ट्रिय स्तरमा मान्यता प्राप्त प्रयोगशालाको खाँचो रहेको छ। साथै खाद्य पदार्थको जांचको लागि उचित संशाधनको खाँचो |

| | | |
|---|---|---|
| | | हुने गर्दा महिनौ समय लाग्ने स्थिति विद्यमान रही आएको छ । तसर्थ, हाल संचालनमा आएका प्रयोगशालामा निजि लगानीलाई बाटो खोल्दा, सो प्रयोगशालाको स्तारोंन्नती हुने र कृषि क्षेत्रलाई अपरिहार्य भएकोले । |
| Accreditation | नेपालका खाद्य प्रयोगशालालाई अन्तर्राष्ट्रिय स्तर (विशेष गरि नेपाल बात मुख्य रूपमा निर्यात हुने मुलुकमा) मा मान्यता प्राप्त संस्थाबाट accreditation/मान्यता प्रदान गर्ने प्रक्रिया अगाडी बढाइनेछ । | हाल सरकारी खाद्य प्रयोगशालाले समेत accreditation नपाएको हुनाले, सिमित निजि सस्थाबाट महँगो शुल्क तिरी आवश्यक जांच गराउन बाध्य भएकोले, हाल नेपालमा रहेका निजि तथा सरकारी प्रयोगशालाले मान्यता पाएको खण्डमा आन्तरिक प्रतिस्पर्धा बढ्नुको साथै, जांचमा लाग्ने खर्च समेत उल्लेख्य रूपमा घट्ने हुनाले । |
| National and International Trade Exhibition Centers | नेपालका मुख्य पर्यटकीय स्थल काठमान्डौ, पोखरा, चितवन तथा लुम्बिनीमा राष्ट्रिय तथा अन्तराष्ट्रिय ट्रेड प्रदर्शनी सेन्टरको स्थापना गरी, कम्तिमा पनि नेपालभित्र ५०% भन्दा बढी मूल्य अभिवृद्धि भएको उत्पादनका लागि प्रदर्शनी स्थल उपलब्ध गराउने । | नेपाली उत्पादनको स्वदेशी तथा विदेशी ग्राहक माझ visibility बढाउन आवश्यक भएकोले । |
| जडिबुटी तथा व्यावसायिक प्रयोजनका लागी प्रयोग हुने वन पैदावार | हाल व्यवसायिक रूपमा खेती शुरु भएका जडिबुटी तथा अन्य वन पैदावार (जस्तै अल्लो) को व्यवसायिक खेती प्रवर्द्धनका लागि आपूर्ति, खरिद तथा बिक्रि गर्ने कार्यलाई नियमन गर्ने कार्य कृषि मन्त्रालय अन्तर्गत ल्याईनेछ । यसका लागी हाल विद्यमान भएको वन ऐन तथा नियमावली अन्तर्गत छोडपुर्जी लिनु पर्ने व्यवस्था हटाइने। | विद्यमान कानुनी प्रावधान (वन ऐन तथा नियमावली) अनुसार व्यवसायिक प्रयोजनको लागी उत्पादन भएको तथा प्रयोग हुने जडिबुटी तथा वन पैदावारको लागी समेत वन कार्यालयबाट छोड पुर्जी लिनु पर्ने प्रावधानले, सो को सहज आपूर्तिलाई कठिन बनाएको छ । तसर्थ, केहि अपवादको सृजना गरी, यसरी व्यवसायिक प्रयोजनको लागि उत्पादन भएको जडिबुटी तथा वन पैदावरको नियमन कृषि विभाग अन्तर्गत ल्याउन आवश्यक भएको छ। |

| | | |
|---|---|---|
| कृषि क्षेत्रमा लगानी संग सम्बन्धित अनिवार्य लगानी | **लगानी श्रोत:** करार खेती, कृषि उत्पादन, प्रशोधन, भण्डारण, वितरण तथा मार्केटिङमा संलग्न कृषि मुलक उद्योगमा गरिने लगानीमा लगानी श्रोत विक्रम संवत २०९० सम्म नखोज्ने व्यवस्था गर्ने ।<br><br>**अनिवार्य लगानी:** विमा, कर्मचारी संचय कोष, नागरिक लगानी कोष, सामाजिक सुरक्षा कोषले लगायतका private equity fund आदी समेतले कम्तिमा पन्ध्र प्रतिशत (१५%) लगानी कृषि क्षेत्रमा गर्नु पर्नेछ। | कृषि क्षेत्रमा लगानीको अभाव भएकोले, लगानी आकर्षित गर्न अपरिहार्य भएकोले । |
| करको दर | विदेशबाट पैठारी हुने तयारी कृषि उत्पादनमा सम्बन्धित राष्ट्रबाट पाएको सहुलियतको आधारमा पैठारीमा कर लगाउने व्यवस्था मिलाइनेछ।<br><br>**करमा पूर्ण छुट (tax holiday):** करार खेती, कृषि उत्पादन, प्रशोधन, भण्डारण, वितरण तथा मार्केटिङमा संलग्न उद्योगको आयमा दश वर्षसम्म लाग्ने आय कर पूर्ण रूपमा छुट प्रदान गर्ने । | भारत सरकारले विशेष कृषि तथा ग्राम उद्योग योजना अन्तर्गत भारतबाट निर्यात हुने विभिन्न कृषि सामाग्रीको FOB मुल्यमा ५% duty credit scip प्रदान गरिरहेको छ ।साथै कृषि उद्योगलाई आयोजना लागतको आधारमा ३५% सम्मको अनुदान दिने गरेको छ ।साथै ग्रामिण क्षेत्रमा रहेका कृषि उद्योगको हकमा परियोजना लगातको ५०% सम्म अनुदान दिने गरेको छ । तसर्थ नेपालमा भारतबाट आयात हुने तयारी कृषि उत्पादनको हकमा, भारतमा प्राप्त गरेको अनुदान/सहुलीयतको अनुपातमा नेपालमा हुने पैठारीमा कर लगाउदा, नेपाल भित्रको उत्पादनका लागि level-playing field को सृजना |
| कृषि सुधार शुल्क | आर्थिक ऐन मार्फत हाल केहि वस्तुमा कृषि सुधार शुल्क ५% र केहीमा ९% कायम गरेकोमा, आगामी आर्थिक वर्षको लागी कृषि सुधार शुल्क ९% कायम गरिनु पर्ने | देशको राजस्व बढाउनको लागि आवश्यक भएकोले |
| निर्यातमा अनुदान | शत प्रतिशत नेपालमा नै उत्पादित कृषी तथा जडिबुटीजन्य वस्तुको निर्यातमा ८% अनुदान दिने | कृषि तथा वन पैदावारजन्य वस्तु संग सम्बन्धित उद्योगलाई प्रोत्साहित गर्नको लागि |

| | | |
|---|---|---|
| Trade and Export Promotion Center | • विदेश स्थित नेपाली कुटनैतिक नियोगमा नेपाली कृषि उत्पादनको प्रबर्द्धन तथा प्रदर्शनका लागी स्थान छुट्याइने व्यवस्था गर्नुको साथै नेपाली संस्था तथा कम्पनीहरुलाई Gulfood, FHA-Singapore, Biofach Germany, USA, Canada, etc. जस्ता प्रतिष्ठित खाद्य प्रदर्शनीमा platform को सुनिश्चितता गरिदिने।<br>• नेपालबाट निर्यात हुने सामाग्रीहरुको विदेशस्थित कुटनैतिक नियोगमा प्रदर्शनीको लागी ठाउँ छुट्टाउनु पर्ने।<br>• साना-साना स्केलमा उत्पादन हुने सामान किनेर सो निर्यात गर्ने उद्योगले समेत export house सहुलियत पाउने व्यवस्था गर्नु पर्ने। | नेपाली उत्पादनलाई प्राथमिकता दिनका लागि आवश्यक भएको। |
| हवाई भाडा | नेपाल सरकारले नेपाल वायुसेवा निगम तथा अन्य वायु सेवा प्रदान गर्ने संस्था संग कृषि उत्पादन ढुवानीको लागि छुट/सहुलियत प्राप्त गर्ने वातावरण बनाउने छ। साथै कृषि उत्पादन सस्तो मूल्यमा ढुवानी गर्नका लागि नेपाल सरकारले कार्गो विमान खरिद/भाडा मा प्राप्त गरि ढुवानी सेवा प्रदान गर्नेछ। | नेपाल भू-प्ररिवेष्ठित मुलुक भएकोले, नेपाली उत्पादान विदेश निकासी गर्दा उल्लेख्य ढुवानी खर्च व्यहोर्नु पर्ने अवस्था छ। यस परिस्थितिमा नेपाल सरकारले वायुसेवा निगम संग सहकार्य गरि एवं आफै विमान ढुवानी सेवा सस्तो मूल्यमा प्रदान गरेको खण्डमा नेपाली कृषि उत्पादनलाई विदेशी बजारमा पुर्याउन सहज वातावरण निर्माण हुने छ। |